# शिवसताक्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यांगडाडा, झापा — कोशी प्रदेश,नेपाल।

प.स. प्रशासन ०८०/८१
च.न. :-

# सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति-२०८१/०३/१५

यस शिवसताक्षी नगरपालिकाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र उक्त मन्त्रालयले कार्यक्रम सञ्चालनका लागि छनोट गरेको कार्यक्रमको साझेदार संस्थासँगको लागत साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको लागि आवश्यक तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट दरखास्त फाराम आह्वान गरिएको छ। शिवसताक्षी नगरपालिकाले तोकेको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरू भरी पासपोर्ट साईजको फोटो २ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको रसिद/भौचर तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी १५(पन्ध्र) दिन भित्र शिवसताक्षी नगरपालिकाको कार्यालयमा दरखास्त पेश गर्नु पर्नेछ। रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन। साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरूको दरखास्त उपर कुनै कारवाही हुने छैन। झुटा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ।

<u>तपसिल</u>

१. क) पदको विवरण-

| सि.नं. | वि. नं. | पद | किसिम | माग संख्या |
|---|---|---|---|---|
| १. | ३-०८०/८१ | समुदायमा आधारित पुनःस्थापना सहजकर्ता | खुला | ३(तीन) |
| २. | ४-०८०/८१ | | समावेशी (अपाङ्गता) | १(एक) |

२. सेवाको किसिमः सेवा करार



अमृत ब... प्रमुख प्रशासकीय अधिकृत

३. <u>आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव</u>

(क) नेपाली नागरिक,

(ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट न्यूनतम कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको,

(ग) दरखास्त बुझाउने अन्तिम दिन सम्ममा पुरुषका हकमा १८ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको,

(घ) सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा हुनुपर्ने। तर, छनोट गर्दाका बखत उल्लिखित योग्यता भएका स्थानीय व्यक्तिबाट निवेदन नआएमा जिल्लाका अन्य स्थानीय तहमा रहेका योग्यता पुगेका व्यक्तिहरू मध्येबाट यस मार्गदर्शन बमोजिमको प्रक्रिया पुरा गरी सहजकर्ता छनोट गर्न बाधा नपर्ने,

(ङ) नियमित रूपमा तोकिएको फिल्डमा गएर काम गर्न सक्ने,

(च) नियमित रूपमा अपाङ्गता भएका व्यक्तिहरूको घरैमा गएर अपाङ्गता भएका व्यक्ति र निजका परिवारलाई आवश्यक परामर्श, सहजीकरण र समन्वय गर्न सक्ने,

(छ) समावेशी(अपाङ्गता) समुहमा दरखास्त दिने ब्यक्ति आफैले सवारी साधन चलाई घरघर पुगी सेवा दिन सक्ने हुनु पर्नेछ । यदी सवारी चालक अनुमति पत्र आवश्यक पर्ने भएमा सो समेत भएको हुनु पर्नेछ।

(ज) कम्प्युटर तथा कागजी दुवै स्वरूपमा तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन तयार गर्न सक्ने।

४. <u>तलव, सुविधा तथा अन्य सेवा शर्त:</u> मासिक रु. २५,०००।- (पच्चिस हजार रुपैयाँ मात्र) ।

५. <u>उम्मेद्वारको छनोट विधि:</u> लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण तथा प्रत्यक्ष अन्तर्वार्ता।

६. <u>दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान</u>

(क) शिवसताक्षीनगरपालिका कार्यालयबाट दरखास्त फाराम प्राप्त गरी उक्त फाराम भरी यसै नगरपालिका कार्यालयमा बुझाउनु पर्ने,

(ख) समावेशी (अपाङ्गता) तर्फ फारम बुझाउने उम्मेद्वारहरूले प्रचलित कानून बमोजिम जारी भएको अपाङ्गता परिचय – पत्रको प्रमाणित प्रतिलिपि समेत दरखास्त फाराम साथ पेश गर्नुपर्ने छ।

७. <u>परीक्षा दस्तुर:</u> खुला र समावेशी (अपाङ्गता) मध्ये कुनै एक समूहका लागि रू ५००।०० र खुलासँगै समावेशी (अपाङ्गता) सिटमा थप रू २००।००

८. <u>परीक्षा दस्तुर बुझाउने प्रक्रिया:</u> नगरपालिकाको राजस्व फाँटमा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फारमसाथ पेश गर्नुपर्ने छ।

९. <u>दरखास्त फारम भर्ने मिति:</u> मिति २०८१/०३/१५ गते देखी २०८१/०३/३० गते सम्म।

१०. <u>परीक्षा सञ्चालन हुने मिति, समय र स्थान:</u> दरखास्त फारम भर्ने अन्तिम म्याद सकिएको सात दिन भित्र सूचना प्रकाशन गरिने छ।

११. <u>पाठ्यक्रम:</u> दरखास्त फारमसँगै प्राप्त गर्न सकिने वा नगरपालिकाको Website बाट समेत प्राप्त गर्न सकिनेछ

१२. शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरूका सम्बन्धमा दरखास्त बुझाएको दिन सम्म जारी भएकोलाई मात्र मान्यता दिइने छ।

१३. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकालाई हुनेछ।

**अन्य विष्तृत जानकारीका लागि शिवसताक्षी नगरपालिकाको वेबसाईट** www.shivasatakshimun@gmail.com **मा हेर्नहुन वा नगरपलिकाको प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।**

**प्रमुख प्रशासकीय अधिकृत**